लुम्बिनी प्रदेश सरकार
फोन नं. : ०७५-५२०२३२
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय
इमेल : csiopalpa@gmail.com
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

तानसेन, पाल्पा

प.स. ०८१।०८०
च.न. ९६

मिति : २०७९/११/०४

विषय : सूचना टाँस गराईदिने सम्बन्धमा।

श्री नगरपालिका/गाउँपालिका (सबै), पाल्पा।

प्रस्तुत विषयमा आ.व. २०७९।०८० को वार्षिक कार्यक्रम अन्तर्गत उद्यमीहरु लाई ५० प्रतिशत लागत सहभागीतामा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम मिति २०७९।११।०१ मा प्रकाशित सूचना थान १ (एक) पठाईएको छ, उक्त सूचनाहरु तँहाको सूचना पाटीमा टाँस गरि आवश्यक सहजिकरण गरिदिनहुन अनुरोध छ।

..............................
देवीराम भण्डारी
उद्योग अधिकृत
(अधिकृतस्तर सातौं)

देवीराम भण्डारी
उद्योग अधिकृत
अधिकृत स्तर सातौं

मनाउने घोषणा गरेको थियो । नेपालमा बिक्रम सम्बत २००३ सालमा काठमाडौंमा रेडियोको प्रशारण सुरु भएपनि औपचारिक रुपमा भने २००७ साल मंसिर २८ गतेदेखि प्रजातन्त्र रेडियोका नाममा रेडियो सञ्चालन सुरु भएको हो । नेपालमा २०५२ सालदेखि एफएम प्रशारण सुरु भएको हो । अहिले देशका सबैजसो जिल्लामा कम भएको देशमा रेडियो प्रभावकारी माध्यमका रुपमा रहने गरेका छन् । २०५४ सालदेखि निजी क्षेत्रले समेत एफएम रेडियो सञ्चालन गर्न पाउने कानुन बनेपछि २०५४ साल जेठ ९ गते दक्षिण एसियामै पहिलो निजी क्षेत्रको स्वतन्त्र रेडियोका रुपमा रेडियो सगरमाथा प्रसारण सुरु भयो । अहिले भने देशका विभिन्न ठाउँमा खोलिएका अर्ब ...मा अमेरिकामा रेडियो खुले पनि विश्वमा औपचारिक रुपमा रेडियो प्रसारण अमेरिकाको पेन्सिलभेनिया सहरबाट सन् १९२० मा भएको मानिन्छ । सजिलो र कम खर्चिलो सञ्चारमाध्यम भए पनि प्रविधिको विकासका कारण पछिल्लो समयमा सहरी क्षेत्रमा रेडियोको व्यापकता खुम्चिँदै गएको छ । अहिले पनि गाउँघर र दूरदराजमा रेडियो निर्विकल्प सञ्चारको माध्यम बनेको छ ।

## चितवनमा वैशाख १० मा उपनिर्वाचन

पाल्पा, माघ २९/निर्वाचन आयोगले प्रतिनिधिसभा चितवन-२ को उपनिर्वाचन आउँदो वैशाख १० गते गर्ने निर्णय गरेको छ । निर्वाचन आयोगको आइतबार बसेको बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम २०८० साल वैशाख १० गते आइतबार चितवन क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्यका लागि उपनिर्वाचन गर्ने निर्णय गरेको हो ।

उक्त क्षेत्रबाट निर्वाचित भएका रवि लामिछाने प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्य भएको सर्वोच्च अदालतले फैसला सुनाएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम आयोगले स्वीकृत गरेको उपनिर्वाचनसम्बन्धी निर्वाचन कार्यक्रमअनुसार आज २०७९ फागुन १ गतेदेखि २०७९ चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुने छ । त्यसैगरी उम्मेदवारको मनोनयन दर्ता २०७९ चैत २० गते, उम्मेदवारको विरोधमा उजुरी दिने चैत २१ गते, मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने चैत २२ गते, उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य चैत २३ गते हुनेछ ।


## वर्गिकृत डिस्प्ले

**१ X ५ साइजमा मात्र**

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## उद्यमीहरुबाट प्रविधि मागको प्रस्तावना आह्वान सम्बन्धी घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको अत्यन्त जरुरी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/११/०१

यस कार्यालयको चालु आ.व. २०७९/०८० मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयको कार्यक्षेत्र पाल्पा जिल्ला भित्रका उद्यमीहरुबाट उद्योगको प्रकृति, अवश्यकता र रोजगारीको अधारमा उद्यमीलाई प्रविधि (मेशिन, उपकरण) कुल लागतको ५० प्रतिशत उद्यमी स्वयमले व्यहोर्ने गरी उपलब्ध गराउने कार्यक्रम रहेकोले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०७९/११/२१) भित्र आफुलाई आवश्यक पर्ने प्रविधिको विवरण सहित तोकिएको ढाँचामा यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

१.प्रस्ताव पेश गर्ने ढाँचा कार्यालयबाट उपलब्ध हुनेछ ।
२.प्रस्तावको साथमा निम्न कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(क) उद्योग दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि
(ख) प्यान दर्ता र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (गत आ.व.सम्मको)
(ग) व्यवसायिक योजना
(घ) अनुभव तथा तालिमको प्रमाणपत्रको प्रतिलिपिहरु

नोट:थप जानकारीको लागि कार्यालयको फोन नं.०७५-५२०२३२ वा मोबाईल नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ।


*उद्योग अधिकृत*
*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*

## व्यवास्थत गर। ।


- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिर्क मर्यादा र शिष्टाचारको पालना गरौं ।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं ।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुर्‍याऔं ।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं ।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं ।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं ।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं ।
- ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई